# हरिपुर नगरपालिका
# राजपत्र

## सर्लाही जिल्ला, मधेश प्रदेश, नेपाल

## हरिपुर नगरपालिकाद्वारा प्रकाशित

बर्ष ४ अंक १० २०७९ श्रावण २४ गते, मंगलवार

यस नगरपालिकाबाट स्वीकृत भएको स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि,२०७६ स्थानीय सरकार संचालन ऐन,२०७४ बमोजिम सार्वजनिक जानकारीको लागि दहाय बमोजिमको कार्यविधि प्रकाशन गरिएको छ ।

विपद् पोर्टलमा हरिपुर नगरपालिकाको तथ्याकं तथा सूचना व्यवस्थापन कार्यविधि ,२०७९

# विपद् पोर्टलमा हरिपुर नगरपालिकाको तथ्याङ्क तथा सूचना व्यवस्थापन कार्यविधि,२०७९

कार्यकारी समितिबाट स्वीकृत मिति २०७९।०४।२४

**प्रस्तावना**

विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५ को नं. ७.८ मा "आधुनिक विपद् व्यवस्थापन सूचना प्रणालीको विकास गरी जनसाधारण तथा सरोकारवालाहरूलाई सहज रूपमा विपद् व्यवस्थापन सम्बन्धी सूचना उपलब्ध हुने व्यवस्था गरिने छ" भन्ने उल्लेख छ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ (प्रथम संशोधन, २०७५) को दफा ११, उपदफा (१) को खण्ड (ट) मा प्राधिकरणले "राष्ट्रिय विपद् व्यवस्थापन सूचना प्रणालीको विकास तथा सञ्चालन गरी विपद् व्यवस्थापन सम्बन्धी सूचना तथा तथ्याङ्कको सङ्कलन, विश्लेषण, भण्डारण तथा सम्प्रेषण गर्ने, गराउने" व्यवस्था छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११, उपदफा (२) को खण्ड (ड) मा स्थानीय सरकारको स्थानीय अभिलेख व्यवस्थापनसम्बन्धी काम, कर्तव्य र अधिकारसम्बन्धी प्रावधानहरू छन्।सोही उपदफाको खण्ड (न) मा विपद् व्यवस्थापनसम्बन्धी प्रावधानहरू निर्दिष्ट गरिएको छ।

यी प्रावधान बमोजिम नेपाल सरकारले राष्ट्रिय एकीकृत विपद् सूचना व्यवस्थापन प्रणाली अन्तर्गत विपद् सूचना पोर्टल (Building Information Platform Against Disaster) अर्थात BIPAD Portal विकास गरी यस प्रणालीलाई संघ, प्रदेश र स्थानीय तहमा विपद् सम्बन्धी सूचना एकीकृत रूपमा आदान-प्रदान गर्न, विपद्को तथ्याङ्क साझेदारीको अवधारणा निर्माण गरिएको हो।

विपद्सँग सम्बन्धित तथ्याङ्क र सूचनाहरू एकै ठाउँबाट सम्बन्धित सबैलाई उपलब्ध गराई सबै किसिमका विपद् घटनाको व्यवस्थापन गर्न र राहत वितरण समेत नदोहोरिने गरी सेवा प्रवाह होस् भन्ने मुख्य उद्देश्यले विपद् पोर्टलमा रहेका सूचना तथा तथ्याङ्कहरूको मूलप्रवाहीकरण गरी तथ्यमा आधारित रहेर विपद् जोखिम न्यूनीकरणसँग सम्बन्धित योजना तर्जुमा गर्न विपद पोर्टल अन्तर्गत उप-डोमेनको व्यवस्था गरिएको छ।

सम्बन्धित संस्थाले विपद पोर्टलको सम्बन्धित उप-डोमेन मार्फत स्थानीय तह अन्तर्गतका प्रकोप तथा विपद् सम्बन्धित तथ्याङ्कहरू प्रविष्ट गर्न, सम्पादन गर्न, र उपयोग गर्न सहज होस् भन्ने अभिप्रायले विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन ऐन, २०७४ (प्रथम संशोधन, २०७५) को दफा ४८ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि जारी गरिएको छ।

हरिपुर नगरपालिका

# परिच्छेद - १

# प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम “विपद् पोर्टलमा हरिपुर नागरपालिकाको तथ्याङ्क तथा सूचना व्यवस्थापन कार्यविधि, २०७९” रहेको छ। यसलाई संक्षिप्तमा “कार्यविधि” भनिनेछ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषाः**

(१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो कार्यविधिमाः

(क) **“ऐन”** भन्नाले हरिपुर नगरपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ (संशोधन सहित) सम्झनुपर्छ।

(ख) **“कार्यकारी समिति”** भन्नाले ऐनको दफा ६ बमोजिम गठन भएको कार्यकारी समिति सम्झनुपर्छ।

(ग) **“नियम”** भन्नाले विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ सम्झनुपर्छ।

(घ) **“प्राधिकरण”** भन्नाले ऐनको दफा १० बमोजिम स्थापना भएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई सम्झनुपर्छ।

(ङ) **“पुनर्लाभ” वा “विपद् पुनर्लाभ”** भन्नाले विपद्को घटना पछि गरिने पुनर्निर्माण एवम् पुनर्स्थापना सम्बन्धित कार्य सम्झनुपर्छ।

(च) **“पूर्वतयारी”** भन्नाले संभावित सन्निकट वा हालको प्रकोप घटना अथवा प्रकोप अवस्थाका असरहरूको प्रभावकारी ढंगले पूर्वानुमान गर्न सक्ने, प्रतिकार्य गर्न सक्ने र त्यसबाट पुनर्लाभ लिन सक्ने सरकारी निकाय, पेशागत/व्यवसायिक प्रतिकार्य तथा पुनर्लाभको काम गर्ने संस्था, समुदाय र स्वयं व्यक्तिहरूद्वारा विकसित ज्ञान तथा क्षमतालाई सम्झनुपर्छ।

(छ) “**विपद् जोखिम न्यूनीकरण**” भन्नाले प्रकोप सम्मुखता र जनधनको संकटासन्नता न्यूनीकरण, भूमि तथा वातावरणको बुद्धिमत्तापूर्ण व्यवस्थापन, प्रतिकूल अवस्थाका लागि सुदृढ पूर्वतयारी लगायतका व्यवस्थित प्रयत्नद्वारा विपद जोखिम न्यून गर्ने अवधारणा एवं अभ्यासहरूलाई सम्झनुपर्छ ।

(ज) **“विपद् पोर्टल”** (BIPAD Portal) वा **“पोर्टल”** भन्नाले नेपाल सरकारको एकीकृत विपद् तथ्याङ्क तथा सूचना व्यवस्थापन प्रणालीलाई सम्झनुपर्छ ।

(झ) **“स्थानीय ऐन”** भन्नाले सम्बन्धित स्थानीय तहको विपद् व्यवस्थापन ऐन,-सम्झनुपर्छ ।

(ञ) **“स्थानीय तह”** भन्नाले गाउँपालिका, नगरपालिका, उप-महानगरपालिका र महानगरपालिकालाई सम्झनुपर्छ।

हरिपुर नगरपालिका

(ट) **"स्थानीय विपद् व्यवस्थापन समिति"** भन्नाले सम्वन्धीत यस नगरपालिकाको वा नगरपालिकास्तरको विपद् व्यवस्थापन समिति सम्झनुपर्छ।

(ठ) **"स्थानीय नियम"** भन्नाले हरिपुर नागरपालिकाको विपद् व्यवस्थापन सम्बन्धी नियम कानुन, हरिपुर नागरपालिकाको विपद् व्यवस्थापन ऐन २०७६ सम्झनुपर्छ।

(२) यस कार्यविधिमा प्रयोग भएका विषयगत प्राविधिक तथा पारिभाषिक शब्दहरूको सन्दर्भ एवं प्रयुक्ति अनुसारको परिभाषा अनुसूची (१) मा दिइएको छ।

## परिच्छेद २
## उद्देश्य र कार्य

### ३. कार्यविधिको उद्देश्यः

(१) यो कार्यविधिको मूल उद्देश्य विपद् पोर्टलमा हरिपुर नागरपालिकाको विपद् सम्बन्धी तथ्याङ्क तथा सूचनाको प्रभावकारी व्यवस्थापन गर्नु हो।

(२) यस कार्यविधिका विशिष्ट उद्देश्यहरू देहाय बमोजिम रहेका छन्।

(क) नगरपालिकामा विपद् व्यवस्थापनका लागि आवश्यक तथ्याङ्क एवं सूचनाहरूको सङ्कलन गर्ने, तथ्याङ्क व्यवस्थापन प्रणालीमा प्रविष्ट गर्ने प्राविधिक तथा प्रशासनिक प्रक्रियाको कार्यसञ्चालन विधि निर्धारण गर्नु।

(ख) तथ्याङ्क तथा सूचनाहरूको व्यवस्थापनमा सम्बन्धित निकाय तथा व्यक्तिहरूको भूमिका, जिम्मेवारी, अधिकार तथा उत्तरदायित्व स्पष्ट गर्नु।

(ग) विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन गर्न आवश्यक तथ्याङ्क साथसाथै अन्य जानकारीमा सम्बन्धित सरोकारवालाहरूको पहुँच सहज गर्नु।

(घ) संघीय ढाँचामा विपद्सम्बन्धी तथ्याङ्क व्यवस्थापन गर्न आधुनिक विधुतीय प्रविधियुक्त प्रणालीको प्रयोगद्वारा सर्वसाधारणमा सूचनाको पहुँच बिस्तार गरी विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनलाई थप प्रभावकारी बनाउनु।

(ङ) सम्बन्धित निकायलाई पोर्टलको प्रयोग गरी प्रभावकारी ढंगले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न तथ्यमा आधारित निर्णय गर्ने प्रणालीको विकास गर्नु।

### ४. नगरपालिकाबाट विपद् पोर्टलमा गरिने कार्यहरूः

(१) गाउँ/नगरपालिकाबाट विपद् पोर्टल प्रयोग गरी देहाय बमोजिमका कार्यहरू गरिने छन्।

(क) जोखिम सम्बन्धी तथ्याङ्क, जस्तैः- सङ्कटासन्नता, प्रकोप, सम्मुखता, विपद् जोखिमसम्बन्धी, विपद् पछिको समयमा वितरण गरिएको राहत वितरण सम्बन्धी, अक्षांश र देशान्तर सहितको महत्वपूर्ण भौतिक पूर्वाधारहरूको तथ्याङ्क साथै तिनीहरूको इन्भेन्टरी, नगरपालिका, वार्ड र समुदायस्तरमा क्रियाशिल विपद् व्यवस्थापन समितिका सदस्यहरूको सम्पर्क जानकारी, जनसंख्या सम्बन्धी विवरण, प्रकोप सम्बन्धित कागजात आदि सङ्कलन र पोर्टलमा प्रविष्ट गरिनेछ।

(ख) नगरपालिका अन्तर्गतका विभिन्न स्थानमा भइरहेको प्राकृतिक वा गैर प्राकृतिक घटनाको जानकारी र सूचना विपद् प्रतिकार्य, पुनर्लाभ र पुनःस्थापना, जोखिम तथा प्रभाव विश्लेषणको लागि योजना, रणनीति बनाउन प्रयोग गरिनेछ।

(ग) क्षति र नोक्सानी सम्बन्धी जानकारीहरू विपद् घटना वा अवधि पछि पुनर्लाभ, पुनःस्थापना र पुनर्निर्माणको लागि योजना बनाउन प्रयोग गरिनेछ।

(घ) विपद् पोर्टलमा उपलब्ध तथ्याङ्क र जानकारीहरू विपद् जोखिम न्यूनीकरण गर्न र तथ्यमा आधारित रहेर विपद् जोखिम न्यूनीकरणसँग सम्बन्धित भावी कार्ययोजना बनाउन तथा विकास निमार्णका योजना तर्जुमा गर्न प्रयोग गरिनेछ।

(२) नगरपालिकामा पोर्टल सञ्चालन गर्न bipadportal.gov.npमा गई लगइन खण्डमा भएको निर्देशन अनुसार एक पटक प्रयोग गर्न मिल्ने गरी प्रयोगकर्ताको नाम र पासवर्ड अनुरोध गरिनेछ।

(३) पोर्टल सञ्चालन गर्न आवश्यक जनशक्ति, उपकरण र सामाग्री जस्तैः- इन्टरनेट, ल्यापटप वा डेस्कटप कम्प्युटर, कार्यस्थल, फर्निचर, अविच्छिन्नरूपमा विद्युत उपलब्ध हुने व्यवस्था आदि मिलाउने तथा पोर्टल सञ्चालनको कार्य स्थानीय तहबाट गरिनेछ।

(४) तथ्याङ्क सङ्कलन र विभिन्न स्रोतवाट प्राप्त सूचना तथा तथ्याङ्कहरूको अध्ययन, विश्लेषण र प्रमाणीकरण गरी सूचना, तथ्याङ्कहरू विपद् पोर्टल प्रणालीमा प्रविष्टि गर्ने गराउने जिम्मेवारी सम्बन्धित स्थानीय तहको वातावरण तथा विपद् व्यवस्थापन शाखाको प्रमुखले हुनेछ।

(५) नगरपालिकाबाट उपदफा (१) बमोजिमका कार्यहरू प्रभावकारी कार्यान्वयन गर्न आवश्यकता अनुसार प्राधिकरणसँग समन्वय र प्राविधिक सहायता लिन सकिनेछ।

(६) उपदफा (१) बमोजिमको कार्य प्रभावकारी कार्यान्वयन गर्न प्रदेशको आन्तरिक तथा कानून मन्त्रालय र जिल्ला प्रशासन कार्यालयसँग आवश्यक समन्वय र सहयोग आदान-प्रदान गर्न सकिनेछ।

## परिच्छेद ३

## तथ्याङ्क सङ्कलन सम्बन्धी

**५. नगरपालिकाबाट विपद् पोर्टलमा प्रविष्टि गर्न सङ्कलन गरिने तथ्याङ्क तथा सूचनाहरूः**

(१) नगरपालिकाबाट देहाय बमोजिमका तथ्याङ्क तथा सूचनाहरू पूर्वनिर्धारित तथ्यांक संकलन फाराममा सङ्कलन गरी प्रोफाइल मोड्युलको जनसंख्या सम्बन्धी प्रोफाइल, सम्पर्क र कागजात खण्डमा प्रविष्ट गरिनेछ।

(क) नगरपालिका, वार्ड र समुदाय स्तरमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिका सदस्यहरूको सम्पर्क जानकारी।

(ख) नगरपालिका, वार्ड, र समुदाय स्तरमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिका सदस्यहरूको व्यक्तिगत विवरण सम्बन्धी तथ्याङ्क।

(ग) नगरपालिका, वडा र समुदायस्तरमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिका सदस्यहरूले विपद् सम्बन्धमा लिएको तालिमको विवरण।

(घ) विपद्सङ्ग सम्बन्धित प्रतिवेदन, कानूनी दस्ताबेज तथा कुनै घटनाको बिस्तृत जानकारी दिने दस्तावेजहरू।

(ङ) जनसंख्या सम्बन्धी तथ्याङ्क, भवन निर्माण सम्बन्धित तथ्याङ्क, भू-उपयोग सम्बन्धित तथ्याङ्क।

(च) विपद् पोर्टलमा प्रविष्ट गर्ने भनी प्राधिकरणले समय-समयमा निर्धारण गरेका अन्य सूचना तथा तथ्याङ्कहरू।

(२) नगरपालिकाबाट देहाय बमोजिमका तथ्याङ्क तथा सूचनाहरू पूर्वनिर्धारित तथ्यांक संकलन फाराममा सङ्कलन गरी जोखिम सूचना मोड्युलको “क्षमता र साधन” खण्डमा सङ्कलन गरिनेछ।

(क) अक्षांश र देशान्तर सहितको महत्वपूर्ण भौतिक पूर्वाधारहरू शैक्षिक संस्था, स्वास्थ्य संस्था, बैंकिङ्ग र वित्तीय संस्था, पर्यटन, धार्मिक स्थान, उद्योग, सञ्चार, खानेपानी आपूर्ति योजना, यातायात, ऊर्जाको तथ्याङ्क।

(ख) महत्वपूर्ण भौतिक पूर्वाधारहरू मातहतमा रहेका उपकरण, मेशिन, औजार, सामग्री लगायतका इन्भेन्टरीको तथ्याङ्क।

(ग) विपद् पोर्टलमा निर्धारित अन्य सूचना तथा तथ्याङ्कहरू।

(३) नगरपालिकाबाट देहाय बमोजिमका तथ्याङ्क तथा सूचनाहरू पूर्वनिर्धारित तथ्यांक संकलन फाराममा सङ्कलन गरी जोखिम सुचना मोड्युलको संकटासन्नता, प्रकोप, सम्मुखता र जोखिम खण्डमा सङ्कलन गरिनेछ।

(क) सङ्कटासन्नता सम्बन्धी सूचना तथा तथ्याङ्कहरू।

(ख) विभिन्न प्रकोप सम्बन्धी सूचना तथा तथ्याङ्क।

(ग) विभिन्न प्रकोपबाट हुने विपद् जोखिम सम्बन्धी सूचना तथा तथ्याङ्क।

(घ) विपद् पोर्टलमा रहेका अन्य सूचना तथा तथ्याङ्क।

(४) नगरपालिकाबाट देहाय बमोजिमका सूचना तथा तथ्याङ्कहरू फाराममा सङ्कलन गरी राहत खण्डमा प्रविष्ट गरिनेछ।

(क) विपद् प्रतिकार्यका लागि विभिन्न सरकारी गैर सरकारी निकायबाट प्राप्त गरिएको राहत सम्बन्धी सूचना तथा तथ्याङ्क।

(ख) विपद् पछि समयमा वितरण गरिएको राहत वितरण सम्बन्धी सूचना तथा तथ्याङ्क।

(ग) विपद् पोर्टलमा निर्धारित अन्य सूचना तथा तथ्याङ्क।

(५) उपदफा (१), (२) र (४) मा उल्लिखित बिभिन्न किसिमका सूचना तथा तथ्याङ्क नगरपालिकाको वातावरण तथा विपद् व्यवस्थापन शाखाले गाउँ/नगरपालिकाको प्रोफाइल, विभिन्न विषयगत शाखामा उपलब्ध तथ्याङ्क, वडा कार्यालयमा उपलब्ध तथ्याङ्क साथै सम्बन्धित संघसंस्था, निकाय वा समुदायबाट सङ्कलन गर्न सकिनेछ ।

(६) उपदफा (२) मा उल्लिखित सूचना तथा तथ्याङ्कको सङ्कलन मोबाइल एपको प्रयोग गरी वा सम्बन्धित अनुसूचीमा दिइए अनुसारको फाराम छपाई निपुण गणकद्वारा गर्नुपर्नेछ ।

(७) उपदफा (२) मा उल्लिखित तथ्याङ्कको सङ्कलन गर्न खटिने गणकलाई काममा खटाउनुपूर्व आवश्यक तालिम दिनुपर्नेछ साथै निजले गर्ने कामको पूर्व-अभ्यास गराई निज उक्त कामका लागि योग्य भएको यकिन गर्नुपर्नेछ।

(८) उपदफा (३) बमोजिमका सूचना तथा तथ्याङ्क विपद् तथा वातावरण व्यवस्थापन शाखाको नेतृत्वमा विभिन्न गैर सरकारी संस्था, शैक्षिक संस्था, अनुसन्धान संस्थाहरूबाट सङ्कलन गर्न सकिनेछ ।

(९) पोर्टलमा प्रविष्ट गरिने सूचना तथा तथ्याङ्कको सङ्कलन गर्न खटिएका गणकको सेवा सुविधा स्थानीय तहले निर्धारण गरे अनुसार हुनेछ।

(१०) उपदफा (३) बमोजिमका सूचना तथा तथ्याङ्कको मेटाडाटा बनाई राखिनेछ साथै तथ्याङ्कसम्बन्धी विवरण shape file मा राखिनेछ। साथै तथ्याङ्कको प्रयोग गर्न वा सार्वजनिक गर्न सम्बन्धित व्यक्ति, संघसंस्था वा निकायको आंशिक वा पूर्ण स्वीकृति सम्बन्धी विवरण (disclaimer) प्राधिकरणद्वारा तोकिएको ढाँचामा राख्नुपर्नेछ।

(११) उपदफा (४) मा उल्लिखित बिभिन्न किसिमका तथ्याङ्क तथा सूचना नगरपालिकाको वातावरण तथा विपद् व्यवस्थापन शाखाबाट विपद् व्यवस्थापन समिति तथा वडा कार्यालयसङ्गको समन्वयमा सङ्कलन गरी पोर्टलमा प्रविष्ट गर्नुपर्नेछ।

(११) उपदफा (१), (३) र (४) बमोजिमका तथ्याङ्क तथा सूचना अद्यावधिक भएको समयमा तत्कालै र उपदफा (२) बमोजिमका तथ्याङ्क तथा सूचनालाई वार्षिकरूपमा अध्यावधिक गर्नुपर्नेछ।

(१२) उपदफा (१), (२), (३) र (४) बमोजिमका तथ्याङ्क तथा सूचना सङ्कलन गर्न आवश्यकता अनुसार प्राधिकरण, प्रदेश सरकाका सम्बन्धित निकाय, जिल्ला प्रशासन कार्यालय वा अन्य सम्बन्धित

सरकारी, गैरसरकारी तथा निजीक्षेत्रका संघसंस्थासँग समन्वय गरी आवश्यक सहयोग लिन सकिनेछ।

## परिच्छेद ४

## तथ्याङ्क प्रमाणीकरण र प्रविष्टि सम्बन्धी

**६. हरिपुर नगरपालिकाबाट विपद् पोर्टलमा व्यवस्थापन गरिने सूचना तथा तथ्याङ्कको प्रमाणीकरणको क्रममा गरिने कार्यहरूः**

(१) नगरपालिकाबाट दफा ५ मा बमोजिम सङ्कलन गरी पोर्टलमा प्रविष्ट गरिने तथ्याङ्क तथा सूचना प्रमाणीकरण गर्न स्थानीय तहले सम्बन्धित अधिकारीलाई जिम्मेवारी दिनुपर्नेछ। यसरी तोकिएको नगरपालिकाको अधिकारीले देहाय बमोजिम प्रमाणीकरण गर्नुपर्नेछ ।

(क) अस्पष्ट र हराएका तथ्याङ्क वा तथ्याङ्क सम्बन्धित अन्य मानहरूको पहिचान गर्ने ।

(ख) तथ्याङ्क तथा सूचनाहरू गुणस्तरको आँकलन गर्ने ।

(ग) परिभाषित इकाइमा तथ्याङ्कहरूको रुपान्तरण गर्ने ।

(घ) तथ्याङ्कहरू सही भए नभएको रुजु गर्ने ।

(२) उपदफा (१) बमोजिमको प्रमाणीकरण स्थानीय तहमा उपलब्ध नगरपालिका विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन समिति तोकेको विज्ञ वा नगरपालिकाको सम्बन्धित विषयगत शाखा द्वारा गर्न सकिनेछ।

(३) दफा ५ को उपदफा (३) मा उल्लेख भए बमोजिमका नदी नियन्त्रण, बाढी, पहिरो, भूकम्प, भू-तथा वायुमण्डलीय तापमान वृद्धि, जलवायु परिर्वतन, भू-उपयोग र विभिन्न प्रकोप तथा विपद् सम्बन्धित सङ्कलित तथ्याङ्क, सूचना तथा नक्शाको अध्ययन एवं प्रमाणीकरण स्थानीय तहमा काम गर्ने सम्बन्धित सरकारी तथा गैरसरकारी संघसस्था वा सो अन्तरगत रहेका जनशक्ति अथवा स्वतन्त्र विज्ञद्वारा गराउन सकिनेछ।

(४) उपदफा (३) मा उल्लेख भएका तथ्याङ्कको प्रमाणीकरण गर्न नेपाल सरकारद्वारा मान्यता प्राप्त विश्वविद्यालयबाट सम्बन्धित विषयमा आवश्यक शैक्षिक योग्यता हासिल गरेको, तालिम प्राप्त गरेको वा सम्बन्धित विषयमा प्रवीण हुने कार्य अनुभव भएको हुनुपर्नेछ। नगरपालिकाले प्राधिकरणसँग समन्वय गरी उपदफा (३) मा उल्लेख भएका विषयका तथ्याङ्क प्रमाणित गर्न विज्ञहरूको छनोट गर्नुपर्नेछ।

(५) उपदफा (३) बमोजिम प्रमाणीकरण गर्न आवश्यक विज्ञहरूको छनोट गरी समूह सूची (Roster) तयार गरी आवश्यक्ता अनुसार विज्ञ परिचालन गर्न सकिनेछ।

(६) उपदफा (३) मा उल्लेख भएका विज्ञहरूको सेवा सुविधा स्थानीय तहको नियमानुसार हुनेछ।

(७) नगरपालिकाबाट घटना मोड्युलमा प्रविष्ट गरिएका घटनाहरूको प्रमाणीकरण गर्न नगरपालिकाले आधिकारिक निकाय वा व्यक्ति तोक्नुपर्नेछ। यस्तो निकाय वा अधिकारी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समित, समितिको कुनै पदाधिकारी, सम्बन्धित वडाको अध्यक्ष वा सचिव वा अन्य कर्मचारी हुन सक्छ।

(८) नगरपालिकाबाट क्षति र नोक्सान मोड्युलमा प्रविष्ट गरिएका घटनाहरूको प्रमाणीकरण तोकिएको निकाय वा अधिकारीबाट घटना भएको सात दिन भित्र गर्नुपर्नेछ।

**७. नगरपालिकाबाट विपद् पोर्टलमा प्रविष्टि गरिने तथ्याङ्क तथा सूचनाहरूः**

(१) नगरपालिकाबाट दफा ५ बमोजिम सङ्कलित तथ्याङ्क तथा सूचनाहरू विपद् पोर्टलमा प्रविष्ट गरिनेछ।

(२) उपदफा (१) बमोजिमका तथ्याङ्क तथा सूचनाहरूको प्रविष्टि प्राविधिक पुस्तिकाका आधारमा गर्नुपर्नेछ। यस उपदफामा प्राविधिक पुस्तिका भन्नाले प्राधिकरणले जारी गरेको विपद् पोर्टलको प्राविधिक पुस्तिकालाई सम्झनुपर्छ।

(३) दफा ५ को उपदफा (३) मा उल्लेख भए बमोजिमको तथ्याङ्क तथा सूचनाहरू प्राधिकरणको/आपत्कालीन कार्यसञ्चालन केन्द्रमा कार्यरत सम्बन्धित विषयका प्राविधिकसँग समन्वय गरी आवश्यकता अनुसार प्राविधिक सहायता लिई प्रविष्टि गर्नुपर्नेछ।

## परिच्छेद ५

## तथ्याङ्क विश्लेषण तथा प्रकाशन सम्बन्धी

**८. नगरपालिकाबाट विपद् पोर्टलमा रहेका तथ्याङ्कको विश्लेषण तथा प्रकाशनका लागि गरिने कार्यहरूः**

(१) नगरपालिकाबाट पोर्टलमा रहेका तथ्याङ्कहरूको विश्लेषण गरी देहाय बमोजिमका कार्यहरू गर्न सकिनेछ।

(क) विपद् पोर्टलको प्रयोग गरेर स्थानीय तहबाट आवश्यकता अनुसार दैनिक, साप्ताहिक, मासिक, अर्धवार्षिक र वार्षिकरूपमा विपद् बुलेटिन प्रकाशन।

(ख) विपद् पोर्टलमा रहेका तथ्याङ्क तथा सूचनाहरू प्रयोग गरेर नगरपालिकाबाट वार्षिकरूपमा नगरपालिका स्तरीय विपद् प्रतिवेदन प्रकाशन।

(२) उपदफा (१) बमोजिमका प्रकाशन तथा सम्बन्धित जानकारीलाई नगरपालिकाको वेभसाइट, सूचना बोर्ड वा अन्य उपयुक्त माध्यममा प्रकाशन गर्न सकिनेछ।

## परिच्छेद ६

## तथ्याङ्क, सूचना तथा प्रणालीको सुरक्षा व्यवस्थापन

**९. नगरपालिकाबाट विपद् पोर्टलमा रहेका तथ्याङ्क, सूचना तथा प्रणालीको सुरक्षा व्यवस्थापनमा गरिने कार्यहरूः**

(१) नगरपालिकाबाट विपद् पोर्टलमा रहेका तथ्याङ्क, सूचना तथा प्रणालीको सुरक्षा व्यवस्थापन गर्न देहाय बमोजिमका कार्यहरू गर्नुपर्नेछ।

(क) दक्ष प्राविधिकद्वारा पोर्टल सञ्चालन गर्ने गराउने।

(ख) अनुसूची (५) बमोजिमको अनुमति म्याट्रिक्सको पालना गरी मोड्युल तथा अन्य खण्ड/पेजको सञ्चालन गर्ने गराउने ।

(ग) कुनै पनि व्यक्तिको व्यक्तिगत तथ्याङ्क जस्तैः- मृतक वा घाइतेको नाम, ठेगाना, मोबाइल टेलिफोन नम्बर, ईमेल ठेगाना कानुन बमोजिम अनुमति प्राप्त नभई सार्वजनिक नगर्ने नगराउने ।

(घ) विपद् पोर्टल सञ्चालनको क्रममा कुनै प्राविधिक समस्या भएमा त्यसको निवारण र समाधान गर्न नगरपालिकाको पोर्टल सञ्चालन गर्ने प्राविधिकले प्राधिकरणमा रहेका प्राविधिक टोलीसङ्ग समन्वय गरी आवश्यक प्राविधिक सहायता लिने ।

(२) पोर्टलमा रहेका तथ्याङ्क, सूचना तथा प्रणालीको सुरक्षा व्यवस्थापन गर्न उपदफा (१) बमोजिमका कार्यहरू गर्न अनुसूची (५) मा उल्लेख भए बमोजिमको अनुमति म्याट्रिक्सको प्रयोग बाहेक नगरपालिकाबाट गर्नु गराउनु पर्ने अन्य सवालमा प्राधिकरणसँग समन्वय गरी आवश्यक उपाय अवलम्बन गर्न सकिनेछ।

## परिच्छेद ७
## संस्थागत जिम्मेवारी र उत्तरदायित्व

**१०. नगरपालिकाबाट विपद् पोर्टल सञ्चालन गर्दा सरोकारवाला निकायबाट गरिने कार्यहरूः**

(१) नगरपालिकामा विपद पोर्टल सञ्चालन गर्नका लागि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले देहाय बमोजिम गर्नेछ।

(क) विभिन्न सरकारी र गैर सरकारी निकायबीच सहकार्य र समन्वय गर्ने गराउने।

(ख) नगरपालिकालाई विपद् पोर्टल सञ्चालन गर्नका लागि प्रणालीको स्थापना (सेट अप) गर्न सहजिकरण गर्ने गराउने।

(ग) नगरपालिकालाई परेको प्राविधिक समस्याको तत्काल समाधान गर्ने गराउने ।

हरिपुर नगरपालिका

(घ) प्राधिकरणबाट सूचना व्यवस्थापन प्रणाली एकीकृत गनुपर्ने अवस्थामा स्थानीय तहबाट प्रमाणित सूचना तथा तथ्याङ्कहरूको अध्ययन र विश्लेषण गरी ती तथ्याङ्क तथा सन्दर्भ सामग्रीहरू विपद् पोर्टलको प्रणालीमा प्रविष्ट गर्ने गराउने।

(२) नगरपालिकामा विपद् पोर्टल सञ्चालन गर्न गाउँ\नगरपालिकाले अन्य कुराको अलावा देहाय बमोजिमका कार्य गर्ने गराउनेछ।

(क) प्राधिकरणको सम्पर्क र समन्वयमा रही विपद् पोर्टलको सञ्चालन गर्ने गराउने।

(ख) पोर्टलमा रहेका तथ्याङ्क तथा सूचना प्रयोग गरी विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी साथै व्यवस्थापनको अन्य कार्य गर्ने गराउने।

(ग) विपद् पोर्टल सञ्चालन गर्नुपूर्व प्रणाली स्थापना (सेटअप) गर्ने प्रयोगकर्ताको नाम र पासवर्ड अनुरोध गर्ने तथा आवश्यक सामाग्रीहरूको व्यवस्था मिलाउने।

(३) विपद् पोर्टल सञ्चालन गर्न नगरपालिका विपद् जोखिम न्यनीकरण तथा व्यवस्थापन समितिले उक्त नगरपालिकाको विपद् पोर्टल सञ्चालन तथा व्यवस्थापनको निर्देशन समितिको काम गर्नेछ। यो समितिले विपद् पोर्टल कार्यसञ्चाल तथा व्यवस्थापन गर्न देहाय बमोजिमका काम कारवाही गर्ने गराउने छ।

(क) विपद् पोर्टल सञ्चालनका लागि नियमितरूपमा नगरपालिका मार्फत् प्राधिकरणसङ्ग सम्पर्क, समन्वय र सहकार्य गर्ने ।

(ख) विपद् पोर्टलमा आवश्यक सूचना तथा तथ्याङ्क आकलन र पालिकामा रहेका तथ्याङ्कहरूको गुणस्तर जाचँ गर्ने गराउने ।

(ग) आवश्यक सूचना तथा तथ्याङ्क सङ्कलन गर्न दक्ष जनशक्ति व्यवस्थापन गर्न कार्यपालिकासँग समन्वय गर्ने ।

(घ) सूचना तथा तथ्याङ्क सङ्कलनको मापदण्डहरू कार्यान्वयन गरे नगरेको सुपरीवेक्षण तथा अनुगमन गर्ने।

(ङ) वडा र समुदायस्तरीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिसङ्ग सहकार्य एवं समन्वय गर्ने ।

(४) नगरपालिकामा विपद पोर्टल सञ्चालन गर्नका लागि वातावरण तथा विपद् व्यवस्थापन शाखा र सम्बन्धित प्राविधिक तथा कर्मचारीको जिम्मेवारी देहाय बमोजिम हुनेछ।

(क) तोकिएको कर्मचारीहरूले विपद् पोर्टल सञ्चालन गर्न प्राधिकरण, कार्यपालिका र स्थानीय विपद् जोखिम न्यनीकरण तथा व्यवस्थापन समितिले तय गरेका नीति तथा निर्देशनका आधारमा कार्य गर्ने ।

(ख) सूचना तथा तथ्याङ्कको सम्भावित विश्वसनीय स्रोतको पहिचान गरी स्रोत नक्शाङ्कन गर्ने।

(ग) सूचना तथा तथ्याङ्क सङ्कलन र प्रविष्टि गर्दा गराउँदा कार्यविधि, म्यानुवल तथा मापदण्डको पालना गर्ने गराउने।

(घ) प्राविधिक पुस्तिकामा उल्लेख गरिए बमोजिमको सूचना तथा तथ्याङ्क सङ्कलनको डाटा मोडल अनुसार तथ्याङ्क सङ्कलन तथा पोर्टलमा एकीकृत गर्ने ।

(ङ) विभिन्न स्रोतवाट प्राप्त सूचना तथा तथ्याङ्कहरूको अध्ययन, विश्लेषण गरी र प्रमाणीकरण भएपछि प्रणालीमा एकीकृत गर्ने ।

(ङ) प्रकाशन तथा संप्रेषणका लागि तथ्य तथा सूचना अद्यावधिक गरी तयारी अवस्थामा राख्ने।

(च) अन्य आवश्यक कार्य गर्ने।

## परिच्छेद ८
## विपद् पोर्टलको तथ्याङ्क र सूचना सम्बन्धी

**११. नगरपालिकामा विपद् पोर्टलबाट प्राप्त हुने तथ्याङ्क र सूचनाहरूः** (१) नगरपालिकाबाट विपद् पोर्टलको ड्यासबोर्ड मोड्युल प्रयोग गरी देहाय बमोजिमका कार्यहरू गरिने छन्।

(क) जब प्रकोपले चेतावनी वा खतराको सिमामान पार गर्छ, तब विपद् पोर्टलमा चेतावनी सूचना प्रदर्शन हुन्छ। यी सूचना साथै सम्बन्धित अन्य जानकारी सम्बन्धित पालिकाले विपद् अगावै अपनाइने तत्परता, तयारी र अग्रिम विपद् प्रतिकार्य कार्यका लागि–प्रयोग गर्न सकिनेछ।

(ख) सतर्कता सम्बन्धी सूचनाले सम्बन्धित नगरपालिकालाई सम्भावित जोखिमका बारेमा अद्यावधिक रहन र प्रकोपहरूको सामना गर्नका लागि समुदाय र विपद् व्यवस्थापन अधिकारीलाई आवश्यक जानकारी र निर्देशन प्रदान गर्न मद्दत पुर्‍याउँछ।यी जानकारी र सम्बन्धित तथ्याङ्कलाई संभावित प्रभाव विश्लेषण र विपद् प्रतिकार्यको लागि प्रयोग गर्न सकिनेछ।

(२) नगरपालिकाबाट पोर्टलको घटना मोड्युल प्रयोग गरी संभावित जोखिम र प्रभाव विश्लेषण गरी विपद् प्रतिकार्य, पुनर्लाभ र पुनःस्थापनाका लागि योजना बनाउनका लागि प्रयोग गर्न सकिनेछ।

(३) नगरपालिकाबाट पोर्टलको क्षति र नोक्सान मोड्युलको प्रयोग गरी तथ्यमा आधारित रहेर विपद् जोखिम न्यूनीकरणसँग सम्बन्धित योजना तर्जुमा गर्न प्रयोग गर्न सकिनेछ। ।

(४) नगरपालिकाबाट पोर्टलको रियलटाइम मोड्युलको प्रयोग गरी वर्षा प्रकृति र मात्रा एवं नदीको जलस्तर अनुगमन, भूकम्प, वायु प्रदुषण र डढेलोको रियलटाइम तथ्याङ्क अवलोकन गर्न, आवश्यक प्रतिकार्य गर्न तत्पर रहन र प्रतिकार्य कार्यका लागि योजना बनाउन प्रयोग गर्न सकिन्छ।

(५) नगरपालिकाबाट पोर्टलको प्रोफाइल मोड्युलको प्रयोग गरी त्यहाँ रहेका तथ्याङ्क र जानकारीहरूको प्रयोग गरी विपद् जोखिम न्यूनीकरण गर्न र तथ्यमा आधारित रहेर विपद् जोखिम न्यूनीकरणसँग सम्बन्धित कार्य योजना बनाउन, विकास निमार्ण योजना तर्जुमा गर्न प्रयोग गर्न सकिनेछ।

(६) नगरपालिकाबाट पोर्टलको जोखिम सुचना मोड्युलको प्रयोग गरी त्यहाँ रहेका तथ्याङ्क र जानकारीहरूको प्रयोग गरी विपद् जोखिम न्यूनीकरण गर्न र तथ्यमा आधारित रहेर विपद् जोखिम न्यूनीकरणसँग सम्बन्धित कार्य योजना बनाउन, विकासका निमार्ण योजना तर्जुमा गर्न प्रयोग गर्न सकिनेछ।

## परिच्छेद ९

## जनशक्ति व्यवस्थापन, आर्थिक व्यवस्थापन र अन्य विविध

**१२. जनशक्ति व्यवस्थापनः** विपद पोर्टल संचालन तथा व्यवस्थापन एक जना विपद् व्यवस्थापन फोकल पर्सन वा प्रमुख प्रशासकिय अधिकृतले तोकेको अधिकृत बाट गरिनेछ छ। तथ्याङ्क सङ्कलन को समयमा विपद् व्यवस्थापन फोकल पर्सनबाट तथ्याङ्क सङ्कलनमा खटिने जनशक्ति हरूको विवरण तयार पारी व्यवस्थापन गरिनेछ। यस पोर्टलको नियमितरूपमा व्यवस्थापकीय कार्य विपद् व्यवस्थापन शाखाबाट गरिनेछ। तर आवश्यकता हेरी अन्य शाखाका कर्मचारीहरु परिचालान गर्न सकिन्छ।

**१३. आर्थिक व्यवस्थापनः** (१) पोर्टल संचालन गर्न आर्थिक व्यवस्थापन गाउँ/नगरपालिकाबाट गरिन्छ। आवश्यक सामग्रीहरुको खरिद र कर्मचारीहरुको व्यवस्थापनको सम्पुर्ण कार्य गाउँ/नगरपालिकाबाट गरिन्छ ।

**१४. विपद पोर्टल सञ्चालन कार्यको समन्वयः** (१) नगरपालिकामा विपद पोर्टल सञ्चालन गर्दा कुनै प्रशासनिक, व्यवस्थापकीय र प्राविधिक समस्या वा द्विविधा उत्पन्न भएमा प्राधिकरणको प्राविधिक सहयोग तथा समन्वय बमोजिम सम्बन्धित नगरपालिकाको वातावरण तथा विपद् व्यवस्थापन शाखाले यसको निवारण गर्नुपर्नेछ।

(२) नगरपालिकासँग सम्बन्धित तथ्याङ्क, सूचना तथा अन्य जानकारीका बारेमा कुनै विवाद, द्विविधा वा समस्या भएमा निर्देशन समितिले निवारण वा समाधान गर्नेछ।

(३) उपदफा (२) बमोजिम समस्या वा द्विविधा समाधान गर्न निर्देशन समितिको बैठक बस्नु अगावै समस्याको निवारण गर्नुपर्ने अवस्थामा नगरपालिकाको वातावरण तथा विपद् व्यवस्थापन शाखाले नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृतसँग सम्न्वय गरी तत्काल समस्या समाधान वा द्विविधाको निवारण गरी निर्देशन समितिको (नगर विपद् व्यवस्थापन समितिको) आगामी बैठकमा पेश गर्नुपर्नेछ।

(४) विपद पोर्टल सञ्चालन गर्दा नगरपालिकामा कार्यरत विषयगत निकाय, संघसंस्था र निजी क्षेत्रले आवश्यक सहयोग र सहकार्य गर्नुपर्नेछ।

**१५. बाधा अड्काउ फुकाउः** (१) यो कार्यविधि कार्यान्वयनका लागि कुनै बाधा अडकाउ आइपरेमा पोर्टलको प्राविधिक तथा सञ्चालन सम्बन्धी मामिलामा प्राधिकरणले र तथ्याङ्क तथा तत्सम्बन्धित मामिलामा निर्देशन समितिले निवारण/समाधान गर्नेछ।

(२) उपदफा (१) बमोजिम समितिले गरेको कार्य वा निर्णय आगामी कार्यपालिकाको बैठकमा पेश गरी आवश्यकता अनुसार जानकारीको संप्रेषण वा बैठकबाट अनुमोदन गर्नुपर्नेछ।

**१६. बचाऊः** (१) विपद् पोर्टल सञ्चालन गर्दा असल नियतले गरेका सूचना तथा तथ्याङ्क व्यवस्थापन सम्बन्धी कार्यमा हुने सामान्य त्रुटीमा कुनै कर्मचारी उपर कारवाही गरिने छैन। तर जानाजानी गरिएका गल्ती कमजोरी प्रति प्रचलित कानून बमोजिम कारवाही हुनेछ।

**१७. कार्यसञ्चालन कार्यविधिको पुनरावलोकनः** (१)प्रस्तुत कार्यविधि विपद् पूर्व र विपद्को समयमा प्रतिकार्यलाई प्रभावकारी बनाउन र सोको लागि आवश्यक पर्ने पूर्वतयारी गर्न तयार गरिएको छ।यस कार्यविधिलाई नगरपालिकास्तरीय स्थानीय विपद् व्यवस्थापन समितिबाट आवश्यकता अनुसार समयसापेक्ष पुनरावलोकन गरि नियमति रुपमा गर्न सक्नेछ।

आज्ञाले
दिवाकर भुजेल
प्रमुख प्रशासकीय अधिकृत

हरिपुर नगरपालिका